नेपाल सरकार
गृह मन्त्रालय
# इलाका प्रशासन कार्यालय
सप्तरी, कञ्चनपुर
(प्रशासन फाँट)

फोन नं. ०३१ ५६००८१
फयाक्स ०३१ ५६०३८१
Email :aaokanchanpur@gmail.com

कृपया पत्राचार गर्दा पत्र संख्या र मिति उल्लेख गर्नु होला ।

नेपाल सरकार, गृह मन्त्रालय, इलाका प्रशासन कार्यालय, कञ्चनपुर, सप्तरी

पत्र संख्या : ०७७/०७८
चलानी नं.:- १६३६

मिति :- २०७७/१२/११

विषय :- नागरिकता सिफारिश प्रक्रिया सम्वन्धमा ।

श्री कञ्चनरुप नगरपालिका,कन्चनपुर,सप्तरी ( सवै वडाहरु )
श्री सप्तकोशी नगरपालिका,फत्तेपुर,सप्तरी ( सवै वडाहरु )
श्री हनुमाननगर कङ्कालिनी न.पा.(वडा नं.१,३,४ वडाहरु ) सप्तरी
श्री तिरहुत गाउँपालिका ( वडा नं.१,२,३,५ वडाहरु ) सप्तरी

प्रस्तुत विषयमा श्री गृह मन्त्रालयको प.सं.नाराप/०७७/०७८,च.नं.३४९ मिति २०७७/११/१३ को प्राप्त निर्देशन पत्रानुसार सि.एम.आइ.एस.सोफ्टवेयरमा अपलोड गर्नु पर्ने भएको हुँदा मिति २०७८/०१/०१ देखि लागू हुने गरी तहाँ कार्यपालिका/वडा कार्यालयहरुवाट नागरिकता सिफारिशका कतिपय सन्दर्भमा उचित प्रमाण तथा परामर्शको कमिका कारण सेवा प्रवाहमा समस्या हुने तथा सम्वन्धित निकायहरुमा समेत अन्यौलता देखिने भएकोले सिफारिश प्रक्रियामा तपसिलका बुँदाहरुमा ध्यान दिनु हुन अनुरोध छ ।

तपसिल

१.अनुसूची फारम :- केरमेट नभएको, विवरणहरु स्पष्ट रुपमा भरेको, सच्याँइएको ठाउमा हस्ताछ्रर गरिएको हुनु पर्ने । ***अनुसूची लगायत सम्पूर्ण कागजात A4 पेपर साइजमा भएको हुनु पर्ने***। सिफारिश कर्ताको नाम थर र पद प्रष्ट रुपमा लेखिएको वा छाप लगाइएको । कार्यालयको छाप अनिवार्य रुपमा हुनुपर्ने, सिफारिशको साथै फोटो समेत प्रमाणित गरिएको हुनु पर्ने । सिफारिश गर्ने व्यक्ति कार्यवाहक भएमा दस्तखत नमूना सहितको कार्यवाहक दिएको पत्र संलग्न गर्नु पर्ने ।

२.फोटो :- दुवै कान सहित प्रष्ट मुखाकृति देखिने ( २.५X ३)cm वा ( २५X३०) mm साइजको फोटोको पृष्ठभूमि रातो बाहेक अन्य रंग हुनुपर्ने ।

३.संलग्न कागजातहरु : वंशज वा पितृत्व/मातृत्व खुल्ने यथेष्ट प्रमाणहरु :- वुवा र आमाको नागरिकता ,जन्म स्थान ,जन्ममिति र वंशजसँगको नाता खुल्ने प्रमाण : जन्मदर्ता प्रमाण पत्र वा पञ्जिकरण ऐन लागू हुनुअघिको अवस्थामा जन्म प्रमाणित ।

सम्वन्धित वडाको स्थायी बासिन्दा खुल्ने प्रमाण :-वडा कार्यालयको सिफारिशमा बुवाको नागरिकतामा सम्वन्धित वडाको ठेगाना फरक परेमा सम्वन्धित वडाको वसाँइसराइ दर्ता प्रमाणपत्रका साथै मतदाता परिचय पत्र,जग्गा धनी प्रमाण पुर्जा , विजुलीको बिल आदि ।

**नामको अंग्रेजी हिज्जे खुल्ने प्रमाण वा सिफारिश** : SLC/ SEE को प्रमाण पत्र ।

बुवा वा आमा वा पति कसैको मृत्यु भएको अवस्थामा मृत्यु दर्ता प्रमाण पत्र ।

४.विवाहको आधारमा : पति वा ससुराको नागरिकता, विवाह दर्ता प्रमाण पत्र र माइती तर्फको बुवाको नागरिकता । पतिको नागरिकतामा उल्लेखित ठेगाना वा पतिको वसाँइसराइ दर्ता प्रमाणपत्रमा उल्लेखित ठेगाना कायम गरी सोही वडावाटै गरिएको ।

५.सम्वन्ध विच्छेदको अवस्थामा : अदालतको निर्णय तथा सम्वन्ध विच्छेद दर्ता प्रमाण पत्र समेत ।